बागमती गाउँपालिका

स्वास्थ्य बीमा अनुदान कार्यक्रम कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०३।०९

**प्रस्तावना :** बागमती गाउँपालिकाको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धी मुख्य चुनौतीको रुपमा विद्यमान रहेकोले विपन्न, दलित तथा आर्थिक सामाजिक रुपले समस्यामा परेका तथा बागमती गाउँपालिकामा बसोवास गर्ने सम्पूर्ण नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुँच अभिवृद्धिका लागि कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा अनुदान कार्यक्रममा नागरिकलाई आवद्ध गराउँदै योगदान रकममा अनुदान प्रदान गर्न एवम् नेपालको संविधान २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तीको प्रत्याभूति गर्न बाञ्छनीय भएकोले, बागमती गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ को नियम बनाउने बागमती गाउँकार्यपालिकोको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

**<u>परिच्छेद - १</u>**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम " स्वास्थ्य बीमा अनुदान कार्यक्रम कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) स्वास्थ्य बिमा भन्नाले स्वास्थ्य बिमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एवं परिवारले गर्ने बिमा सम्झनु पर्छ ।

(ख) अनुदान भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा बागमती गाउँपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ।

(ग) विपन्न भन्नाले आर्थिक तथा सामाजिक गरिवीको आधारमा गाउपालिकाले वर्गीकरण गरी सूचिकृत गरेको वा वडा कार्यालयले सिफारिस गरेको आर्थिक एवं सामाजिक गरीवीको समस्या ग्रस्त परिवारलाई सम्झनु पर्छ ।

(घ) स्वास्थ्य बीमा अनुदान कार्यक्रम भन्नाले बागमती गाउँपालकिाको गाउँ सभाबाट वा प्रदेश र संघीय सरकारबाट स्वास्थ्य बिमा अनुदान कार्यक्रमको लागि विनियोजित रकमसम्झनु पर्छ ।

(ङ) योगदान रकम (प्रिमियम) भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ ।

(च) सेवा भन्नाले स्वास्थ्य बिमा ऐन द्दण्ठद्ध को दफा छ बमोजिम प्राप्त हुने सम्पूर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ ।

(छ) बीमित भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ,

(ज) बार्ड भन्नाले स्वास्थ्य बिमा बोर्डलाई सम्झनु पर्छ ।

(झ) पालिका भन्नाले बागमती गाउँपालिकालाई सम्झनु पर्छ ।

(ञ) कार्यपालिका भन्नाले बागमती गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ट) कार्यालय भन्नाले बागमती गाउपालकिा गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ठ) मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

(ड) गाउँपालिका भन्नाले बागमती गाउँपालिकालाई सम्झनु पर्छ ।

(ढ) नागरिक भन्नाले बागमती गाउपालिकाको नागरिकलाई सम्झनु पर्छ ।

(ण) दर्ता सहयोगी भन्नाले स्वास्थ्य बिमा नियमावली २०७६ को नियम १२ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद–२

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

**३. आवद्धता :** नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ ।

(१) कार्यक्रममा सहभागिताको लागि ५ (पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिनेछ ।

(२) कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएजति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची १ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आवद्ध हुन सकिनेछ ।

(३) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली, २०७५ बमोजिम हुनेछ ।

**४. आवद्ध हुने माध्यम**

(१) स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ५ बमोजिमका देहायका आवद्ध हुने माध्यम हुनेछ ।

(क) दर्ता सहयागी मार्फत,

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ता पणालीबाट,

(२) स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनैपनि लिखतलाई आधारमान्न सकिनेछ ।

## परिच्छेद–३

## योगदान रकम र अनुदान सम्बन्धी व्यवस्था

**५.योगदान रकमः**

(१) कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य सेवा नियमावली , २०७५ को अनुसूची १ बमोजिम हुनेछ ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १५ को उपनियम(२), (३), (४), ( ५) बमोजिम हुनेछ ।

**६.व्यहोर्ने योगदान रकम :**

(१) कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १६ को उपनियम (१) अधिनमा रही नेपाल सरकार, बागमती प्रदेश सरकार वा बागमती गाउँपालिकाले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ ।

(क) प्रच्चलित कानून बमोजिम अति गरीबको परिचय पत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारको संघीय कार्यक्र तथा बजेट प्राप्त भएपछि मात्र,

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड), कुष्टरोगी, एच.आइ.भी. संक्रमित, जटिल खालको क्षयरोगी (एम. डी. आर. टि. बी.) बिरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले ,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,

(घ) महिला स्वास्थ्य स्वयं सेविका संलग्न भएको परिवारको योगदान रकमको ५० (पचास) प्रतिशत नेपाल सरकारले, (पचास) प्रतिशत बागमती प्रदेश सरकारले,

(ङ) बागमती गाउँपालिकामा बसोबास गर्ने परिवारको योगदान रकम मध्ये ५० (पचास) प्रतिशत बागमती गाउँपालिकाले ।

**७. सहुलियत प्राप्त गर्न सक्नेः**

(१) बागमती गाउँपालिकाले वर्गीकरण गरी सूचिकृत वा सम्बन्धित वडाले सिफारिस गरेका अति विपन्न परिवारले स्वास्थ्य बिमा गर्दा शतप्रतिशत सहुलियत प्राप्त गर्न सक्नेछन् ।

**८. सहुलियत प्राप्त हुने प्रक्रियाः**

(१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक) हरुले स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि अनुसूची १ अनुसारको आवेदन फाराम भरी देहायका कागजात संलग्न गरि दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ ।

(क) स्वास्थ्य बिमा नियमावलीको नियम ६ संग सम्बन्धि अनुसूची २ को बिमालेख फाराम (भरिएको),

(ख) अति विपन्नको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र,

(ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

**९. रकम उपलब्ध गराउने :**

(१) दफा ८ वमोजिम प्राप्त आवेदनहरु दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले जाँचवुझ गरि सूचना प्रकाशन गर्नेछ । सो सूचनामा तोकिएको समय भित्र तोकिए बमोजिम साझेदारी रकम विमा दर्ता सहयोगी मार्फत जम्मा गरे पछि कार्यपालिकाको कार्यालयबाट योगदान रकम (प्रिमियम)मा अनुदान वापतको रकम थप गरि स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी गरिनेछ तर पुरै रकम भुक्तानी गरी बीमा गरेका परिवारको हकमा सम्बन्धित परिवारको घरमुलीलाई भर्पाई गराइ भुक्तानी दिइने छ ।

**१०. सहुलियत प्राप्तीको अवधी :** बागमती गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा श्रोत व्यवस्थापन भएसम्म ।

## परिच्छेद–४

## समिति, अनुगमन, मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिः**

(१) नेपाल सरकार स्वास्थ्य सेवा नियमावली २०७५ को नियम २६ लाई आधारमानी देहायअनुसारका पद एवं प्रतिनिधित्व रहने गरी पालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (च) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (घ) स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष अनुभव विज्ञता हासिल गरेको कार्यपालिका सदस्य वा सामाजिक क्षेत्रका व्यक्ति गाउँपालिका अध्यक्षवाट मनोनित १ जना | सदस्य |
| (छ) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**१२. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार :**

(१) पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् :

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

(ख) कार्यक्रमको नियमित अनुगमन, मुल्याञ्कन, समिक्षा, पृष्ठपोषण, सुधार एवं विस्तार,

(ग) स्वास्थ्य बीमा सम्बन्धी गुनासो व्यवस्थापन,

(घ) स्वास्थ्य बीमा बोर्डसंग समन्वय एवं निर्देशनको कार्यान्वयन,

(ङ) प्रिमीयम अनुदानका लागी प्राप्त आवेदनहरु छानवीन गरि निर्णय गर्ने ।

## परिच्छेद–५

## अभिलेख, बाधा अडकाउ फुकाउ र विबिध सम्बन्धी व्यवस्था

**१३. अभिलेख राख्ने :** बागमती गाउँपालिका अन्तर्गत कार्यरत वीमा दर्ता सहयोगी (वीमा अभिकर्ता) मार्फत घरधुरी, जनसंख्या र वीमितहरुको विवरण अध्यावधिक गर्नेछ । त्यसकालागि गाउँपालिकाले आवश्यकता अनुसार यातायात तथा सञ्चार रकम निजले गरेको घर धुरी विवरण अद्यावधकि, स्वास्थ्य वीमा गराएको संख्या र कार्य सम्पादन मुल्याङ्कनको आधारमा उपलब्ध गराउन सक्नेछ ।

**१४. बागमती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थापन गर्ने :** यस कार्यबिधिको कार्यान्वयन गर्द कुनै बाधा अड्काउ परेमा बागमती गाउँपालिका गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ । य अगाडी स्वास्थ्य वीमा सम्बन्धी भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**१५. बिबिध :** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलीत ऐन, नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

**अनुसूची १**

**परिच्छेद ३ दफा ८ संग सम्वन्धित**

मिति

विषय स्वास्थ्य वीमाको सहुलियत अनुदान रकम उपलब्भ गराइ पाउँ ।

श्रीमान् प्रमुख प्रशासकीय अधकृतज्यु

बागमती गाउँपालिका , ललितपुर ।

उपरोक्त सम्वन्धमा बिपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम अन्तरगत स्वास्थ्य वीमा योगदान रकमको सहुलियत अनुदान रकम भुक्तानीकालागी आवश्यक कागजात सहित निबेदन पेश गरेको छु ।

वीमा योगदान रकम

अनुदान माग गरिएको

योगदान रकम

आवेदक

नाम थर

ठेगाना वागमती गाउँपालिका वडा नं

नागरिकता नं

सम्पर्क नं